**Taragaon Regency Hotels Ltd.**
**(Hyatt Regency Kathmandu)**

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौको

## २८ औं वार्षिक साधारण सभाको निर्णय माईन्युट

१. २८ औं वार्षिक साधारण सभाः

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको २८ औं वार्षिक साधारण सभा मिति २०८१ पौष महिना २४ गते (तदानुसार ०८ जनवरी, २०२५) गते, बुधबारका दिन नेपाल आर्मी अफिसर्स कल्ब,भद्रकाली काठमाण्डौमा स्वतन्त्र संचालक श्री मनोज प्रसाद राज भण्डारी ज्यूको प्रस्तावमा र संचालक श्री जयादीन श्रेष्ठ ज्युको समर्थनमा प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूको सभापतित्वमा बिहान ११:०० बजे शुरु भई दिनको ४:३० बजे समापन भयो ।२८ औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

२. उपस्थितिः

(अ) सञ्चालकहरुको उपस्थितिः

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | प्रबन्ध संचालक (यस सभाको सभापति) |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री सुरेश राज जोशी | सञ्चालक |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री जयादिन श्रेष्ठ | सञ्चालक |
| श्री मनोज प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

(आ) व्यवस्थापन समूहः

| | |
|---|---|
| श्री गीता दाहाल | कम्पनी सचिव |
| श्रीमती रानी बंग | कर्पोरेट प्रेसिडेण्ट |
| श्री अरेन्द्र ठाकुर | सिनियर मेनेजर एकाउण्ट्स एण्ड फाइनान्स |

(इ) पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थितिः

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | ह्यात इन्टरन्यास्नल, डोमिनियन इन्भेस्टमेन्ट्स लि.,हङ्गकङ्ग, डोमिनियन इन्भेस्टमेन्ट्स लि., वि.भि.आई, |
| श्री मनोज राज भण्डारी | आईसिटिसी होल्डिङ्ग कम्पनी प्रा लि., आईसिटिसी प्रा.लि. |
| श्री रश्मी श्रेष्ठ | तारागाउँ विकास समिति |
| श्री अंकुश कुमार | ए.एस.आर एण्ड एसोटियट्स (लेखापरिक्षक) |
| श्री रामजी प्र. भण्डारी | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड(प्रबन्धक) |
| श्री देवी प्रसाद सुवेदी | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रीपुरेश्वर |

(ई) शेयरधनीहरुको उपस्थितिः

| | |
|---|---|
| १. उपस्थित शेयरधनीहरुको संख्या | ३८९ जना |
| (क) शेयरधनी स्वयम् | २२८ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) मार्फत | १६१ जना |
| २. शेयरधनीहरुको उपस्थिति प्रतिशत | १.२५ प्रतिशत |
| ३. शेयरको प्रतिनिधित्व संख्या | १८,०३३,६३० कित्ता |
| ४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ९१.९१ प्रतिशत |

(उ) मिति २०८१।०९।२४ को यस साधारण सभामा सहभागी हुन योग्य शेयरधनीहरुको कुल संख्या ३१,०६५ मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

### ३. छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरु:

क) **सामान्य प्रस्ताव**

(१) आर्थिक वर्ष २०८०।०८१ (२०२३।२०२४) को सञ्चालक समितिको २८ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८०।०८१ (२०२३।२०२४) को वित्तिय विवरणहरु– वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

(३) आ.व. २०८१।०८२ (२०२४।२०२५) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) कम्पनीको मिति २०८१।०८।१९ (तदानुसार ४ डिसेम्बर, २०२४) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ११% नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

(५) कम्पनीको सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक पद -१ (एक) निर्वाचन गर्ने ।

(६) संचालक समिति र संचालक समिति अन्तर्गत गठित समितिहरुको सदस्यको बैठक भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।

ख) **विविध**

### ४. सभाको सूचना प्रकाशन:

(क) साधारण सभा हुने मिति, समय, स्थान, छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु, २८ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी, वासलात, नाफा तथा नोक्सान विवरण र नगद प्रवाह विवरण सहितका विवरणहरू खुलाई मिति २०८१।०९।०२ र मिति २०८१।०९।१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन, संस्थागत संरचना, लेखापरीक्षकको राय सहितको लेखा प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु सहितको कम्पनीको २८ औं वार्षिक सभाको लागि तयार गरिएको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको वेवसाइट www.taragaon.com मा राखिएको र यसको साथ साथै

डिम्याट खातामा ईमेल ठेगाना राख्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई ईमेल मार्फत जानकारी गराईएको थियो ।

## ५. गणपुरक संख्याः

| विवरण | शेयरधनी संख्या | शेयर संख्या |
|---|---|---|
| कुल संख्या | ३१०६५ | १,९६,२१,२०२ |
| शेयरधनी स्वयं उपस्थित | २२८ | १,६३,७७,४६३ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत् | १६१ | १६,५६,१६७ |
| जम्मा उपस्थित | ३८९ | १,८०,३३,६३० |
| प्रतिनिधित्व प्रतिशत | १.२५ | ९१.९१ % |

## ६. सभाको वैधानिकता तथा सभापतित्वः

(क) साधारण सभा शुरू हुनु भन्दा अघि कम्पनी सचिव श्री गीता दाहालले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २८ औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो। ततः पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेकोले सभा संचालकबाट २८ औं वार्षिक साधारण सभाको कारवाही अगाडी बढाइयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम साधारण सभाको सभापतित्व स्वतन्त्र संचालक श्री मनोज प्रसाद राज भण्डारी ज्यूको प्रस्तावमा र संचालक श्री जयादिन श्रेष्ठ ज्युको समर्थनमा प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूले गर्नु भयो ।

## ७. सभा संचालन तथा प्रतिवेदन प्रस्तुतिः

सभा संचालकज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, सहयोगी प्राविधिक मित्रहरु, नियामक निकायबाट पाल्नु भएका पदाधिकारीज्यूहरु तथा प्रतिनिधीहरुलाई कम्पनीको २८ औं वार्षिक साधारण सभामा स्वागत गर्दै सभाको काम कारवाहीलाई अगाडि बढाउनु भयो । सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन, कम्पनीको आ.व.२०८०।०८१ को लेखापरिक्षकको राय सहितको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु उपर छलफलका लागि भाग लिन तथा यस कम्पनीको

कारोवार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो।

## ८. छलफलमा सहभागी भएका शेयरधनी महानुभावहरुः

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, वार्षिक हरहिसाब, संचालक समितिको वार्षिक प्रतिवेदन र समसामयिक विषयवस्तुहरुमा आफ्नो मन्तव्य, जिज्ञासा, राय तथा सुझाव व्यक्त गर्नु भयो ।

१. श्री शत्रुघन श्रेष्ठ ज्यू
२. श्री राजन कुमार पौडेल ज्यू
३. श्री विरेन्द्र कुमार शाह ज्यू
४. श्री गोविन्द गुरागाईं ज्यू
५. श्री अमिर दास रजिड ज्यू
६. श्री रोज कुमार श्रेष्ठ ज्यू

यसका साथै शेयरधनी श्री उत्तम पाठक, श्री सुदिप श्रेष्ठ ज्यू, श्री ब्रह्मदेब शाक्य ज्यू, श्री निरुपमा गुप्ताज्यु र श्री चन्द्र नारायण श्रेष्ठज्यूबाट लिखित रुपमा सल्लाह सुझाव प्राप्त भयो ।

## ९. शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझाव, र प्रबन्ध संचालक श्री अरुण कुमार सराफ ज्यू र कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको जवाफी सम्बोधनको मुख्य अंशहरुः

(क) शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझावहरुः

- विगत ६ वर्ष देखि पर्यटन क्षेत्रमा बढी कर तिरेको, उत्कृष्ट लक्जरी होटलको रुपमा पुरस्कृत रहेको, वासलात राम्रो रहेको छ । प्रतिष्पर्धा बढेकोले मार्केटिङ राम्रो गर्नु पर्दछ । दायित्व फछ्र्यौट समय मै गर्नुपर्यो ।
- कम्पनीले माग गरेका कागजातहरु समयमै उपलब्ध गराउनु पर्दछ ।आज सर्वसाधारण बाट १ संचालक को निर्वाचन गर्दा कम्पनी तथा कम्पनीको निर्वाचन समिति तथष्ट निष्पक्ष भई गराईनेछ भन्ने आशा राखेका छौं ।
- कम्पनीले एसियामै टप लक्जरी होटल मध्ये एक होटलको रुपमा छवी स्थापना गरेता पनि होटलमा आउने आगन्तुक तथा शेयरधनिहरु प्रतिको हस्पिटालिटिमा थप सुधार गर्नु पर्ने देखिन्छ ।सर्वसाधरणमा शेयर संख्या बढी रहेता पनि संचालक प्रतिनिधि कम रहेको देखिन्छ ।यसमा व्यवस्थापन बाट हेरफेर होस ।

सोल्टी होटल्स लि. काठमाडौं नेपाल

- ❖ कम्पनीले शेयरधनिहरुलाई आवश्यक कागजातहरु समयमै उपलब्ध गराउनुपर्दछ ।कम्पनिले पहिलो पटक निर्वाचन गरि संचालक नियुक्ति गर्दै छ । निर्वाचनको कार्यविधि पारदर्शी र निष्पक्ष रहोस भन्ने कामना छ ।
- ❖ ११ प्रतिशत नगद लाभांश राम्रो हो । खुद नाफामा वृद्धि हुनु चमत्कार हो । अकुपेन्सी धेरै राम्रो भएको छ । धेरै होटलहरु खुलेको अवस्थामा प्रतिष्पर्धाको लागि तयार गर्नुपर्छ । पर्यटन क्षेत्रमा होटलको योगदान ठूलो छ । होटलबाट रोजगार सृजना हुन्छ । कर सम्बन्धमा पुरस्कार प्राप्त गरेको हुँदा राम्रो छ ।
- ❖ विषम परिस्थितिमा पनि ११% को प्रतिफल प्रदान गर्नु भएकोमा बोर्ड, व्यवस्थापनलाई हार्दिक धन्यवाद ।आगामी दिनमा शाखा विस्तारको तर्फ ध्यान पुर्याउन आग्रह गर्न चाहन्छु ।
- ❖ शेयरधनीहरुलाई आ.व ०८०।०८१ को मुनाफाको ११ % नगत लाभांशको सट्टामा बोनश शेयर दिएको भए अझै राम्रो हुने थियो । शेयरधनीहरुलाई आगामि वर्षमा यस भन्दा बढी रिटर्न दिनको लागि यस होटलले आफ्नो अक्युपेन्सीलाई अझै बढाउदै लैजान पर्ने देखिन्छ ।
- ❖ कोभिडको समय भन्दा व्यापारमा सुधार भएको छ । हाल व्यवसायिक कारोवारमा छलाङ्ग मार्दै व्यवसाय राम्रो गरेको छ, ११% नगद लाभाशं प्रदान गरेकोमा धन्यवाद छ ।
- ❖ होटल व्यवसाय क्षेत्रमा सबैभन्दा बढी कर तिरि नेपाल सरकारबाट पुरष्कृत भएको र 2024 Travelers Choice Award र SATA Award 2024 प्राप्त गरेको कार्य प्रशंसनिय छ ।यस होटलको उन्नति र प्रगति लागि काम गर्नु हुने संचालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।
- ❖ यस तारागाँउ रिजेन्सी होटल्स लिमिटेडले पुस मसान्त भित्रै वार्षिक साधारण सभा गर्न सकेकोमा धन्यवाद छ । यस होटलले निरन्तर रुपमा नगत लाभांश दिंदै आएको छ । यस वर्ष पनि प्रति शेयर रु ११।— नगत लाभांश दिन सकेकोमा धन्यवाद छ ।

ख) <u>प्रबन्ध संचालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको सम्बोधनको मुख्य अंशहरु:</u>

संचालक समितिको तर्फबाट यस कम्पनीको २८ औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो जिज्ञासा, प्रश्न, गुनासो, सल्लाहहरु राखी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई धेरै धन्यवाद दिन चाहन्छौं ।

सन् २०१९ डिसेम्बरबाट कोरोना महामारी सुरु भएबाट यस होटलको मात्र नभई समग्र होटलहरुको व्यवसायमा नोक्सान पुगेको थियो । सन् २०२२ यताबाट होटलले राम्रो मुनाफा गर्दै आएको छ ।

गत आ.व समेत गरि ६ पटक सम्म पर्यटन क्षेत्रमा सबै भन्दा बढी कर तिर्ने होटलको रुपमा नेपाल सरकारबाट पुरस्कृत समेत भई सकेको र यस होटलले होटल संचालनको आम्दानी र मुनाफा विगतका वर्षहरु भन्दा राम्रो हुँदै आएको जानकारी गराउन चाहान्छौं।

साथै अतिथिहरुलाई आधुनिक आरामदायी सुविधाहरु उपलब्ध गराउन र नेपालमा बढ्दो प्रतिष्प्रधाको सामना गर्न यस होटलले आ.व २०८१।८२ बाट होटलको पुर्ण मर्मत तथा सुधारका कार्यहरु तथा होटलको कोठाहरु पुनः निर्माणको कार्य गर्न तयार अवस्थामा रहेको छ ।बाँकी सर्वसाधारण शेयरधनिहरुबाट प्रतिनिधिको संख्या बढाउने तथा शेयरधनिहरुको वर्गिकरणका सन्दर्भमा यस विषय उपर संचालक समितिको ध्यान आकर्षण भई सकेको र सोको समाधानका लागि आगामि वार्षिक साधारण सभाबाट कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा रहेको संचालक समितिको गठन सम्बन्धिको प्रावधानहरुमा आवश्यक हेरफेर गरि संशोधन गरिनेछ भन्दै यस बारे आवश्यक सरसल्लाह तथा सुझाव दिनुभएकोमा आदर्णिय शेयरधनि महानुभावहरुलाई धन्यवाद दिन चाहान्छौं ।

हाम्रो काम गर्ने शिलशिलामा केहि कतै कमी कमजोरी भएको र यहाँहरुले कम्पनीको सर्वोपरी हितको लागि उठान गर्नु पर्ने विषय छ भने तपाई हामी बसेर सर–सल्लाह गरेर कमी कमजोरी सच्चाउन सक्नेछौ भन्ने व्यहोरा समेत अनुरोध गर्दछौं।

१०. <u>निर्णयहरुः</u>

क) <u>सामान्य प्रस्ताव</u>

(१) <u>साधारण प्रस्ताव नं. १ उपर छलफल तथा निर्णयः</u>

सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०।०८१ (२०२३।२०२४) को संचालक समितिको २८ औं वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतले पारित गरियो ।

(२) <u>साधारण प्रस्ताव नं. २ उपर छलफल तथा निर्णय</u>

लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८०।०८१ (२०२३।२०२४) को वित्तिय विवरणहरु– वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

(३) <u>साधारण प्रस्ताव नं. ३ उपर छलफल तथा निर्णय</u>

आ.व. २०८१।०८२ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत हुदाँ लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०८१।०८२ को लेखापरिक्षण गर्नको लागि ए.एस.आर एण्ड एसोसिएट्स, चार्टड एकाउनटेन्टस, सानेपा ललितपुरका सि.ए. श्री अंकुश

कुमार ज्यूलाई नियुक्त गर्ने र निजको पारिश्रमिक रु.३,००,०००।— (अक्षेरुपी तीन लाख मात्र)(मु.अ.कर बाहेक) तय गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

(४) <u>साधारण प्रस्ताव नं. ४ उपर छलफल तथा निर्णय</u>

कम्पनीको मिति २०८१।०८।१९ (तदानुसार ४ डिसेम्बर, २०२४) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ११% नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

(५) <u>साधारण प्रस्ताव नं. ५ उपर छलफल तथा निर्णय</u>

मिति २०८१।०८।१९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक पद -१ (एक) को निर्वाचन कार्य संचालन गर्ने भनि निर्वाचन अधिकृतको रुपमा श्री कृष्ण पनेरुज्यूलाई नियुक्ति गरिएको थियो । मिति २०८१।०९।१६ मा निर्वाचन अधिकृत द्वारा प्रकाशित निर्वाचन कार्यतालिका बमोजिम मिति २०८१।०९।१८ मा उक्त संचालक पदमा श्री कमला देवी श्रेष्ठ र भा.भा इन्भेष्टमेन्ट प्रा.लिको तर्फबाट श्री कविता शाहाको उमेद्वारी परेकोमा यस सभामा निर्वाचन अधिकृत द्वारा संचालन गरिएको निर्वाचन कार्यक्रममा शेयरधनि महानुभावहरुले मददान गरि दुवै पक्षका प्रतिनिधिहरुको उपस्थितिमा पारदर्शी रुपमा मत गणना हुदाँ २ जना उमेद्वार मध्ये श्री कमला देवी श्रेष्ठले अधिक्तम मत प्राप्त गरि विजेता हुनु भएकाले यस कम्पनीमा सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालकको रुपमा श्री कमला देवी श्रेष्ठलाई नियुक्ति मितिले ४ वर्ष सम्मका लागि नियुक्त गर्ने निर्णय सर्वसम्मतले पारित गरियो र सो सम्बन्धि जानकारी प्रचलित कानुन बमोजिम आवश्यक सरकारी निकायहरुमा बुझाउने समेतको निर्णय पारित गरियो ।

(६) <u>साधारण प्रस्ताव नं. ६ उपर छलफल तथा निर्णय</u>

मिति २०८१।०९।१९ मा बसेको संचालक समितिको बैठकबाट चलनचल्तिका आधारमा संचालक समितिका सदस्यहरुको बैठक भत्ता रु २०,००० (कर बाहेक) र संचालक समिति अन्तर्गत गठित समितिहरुका सदस्यको बैठक भत्ता रु १५,००० (कर बाहेक) अनुमोदन गर्ने प्रश्ताव सर्वसम्मतले पारित गरियो ।

**ख) <u>विविध</u>**

विविध तर्फ कुनै प्रश्ताव नरहेको ।

११. **धन्यवाद ज्ञापनः**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले कम्पनी सचिव श्री गीता दाहालले यस सभाका सभापति प्रबन्ध संचालक श्री अरुण कुमार सराफज्यूलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो । सभाका सभापति श्री अरुण कुमार सराफज्यूले शेयरधनी महानुभावहरु लगायत उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै २८ औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

..............................

श्री गीता दाहाल

कम्पनी सचिव

..............................

श्री सुरेश लाल श्रेष्ठ

कार्यकारी संचालक